# माछापुच्छ्रे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, लाहाचोक, कास्की
## करार पदपुर्ति सम्बन्धी सूचना
### प्रथम पटक प्रकाशित मिति २०७७।०५।१५ गते

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारको दुई पक्षीय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र माछापुच्छ्रे गाउँपालिकाले यस कास्की जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा जानकारी प्रदान गर्न तथा समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्न गईरहेको सुरक्षित आप्रवासन परियोजना(Safer Migration Project)का लागि निम्नानुसारको जनशक्तिको आवश्यकता रहेकोले गाउँपालिकाबाट निर्धारित ढाँचाको फारम भरी निम्न बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आब्हान गरिएको छ ।

| क्र.स. | बिज्ञापन नं. | पद | परिक्षा किसिम | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२।०७७।०७८ | मनोसामाजिक परामर्शकर्ता | लिखित र अन्तरवार्ता | १(एक) | महिलालाई प्राथमिकता र स्थानीय हुनुपर्ने |

**न्यूनत्तम योग्यता र अनुभव**

१. प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।
२. १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको ।
३. मनो सामाजिक परामर्श कार्यमा २ वर्षको अनुभव वा सो सम्वन्धी आधारभूत तालिम लिएको वा अन्य सामाजिक कार्यमा कम्तिमा १ वर्षको अनुभव गरेको

| क्र.स. | बिज्ञापन नं. | पद | परिक्षा किसिम | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| २ | ०३।०७७।०७८ | बित्तीय साक्षरता सहजकर्ता | लिखित र अन्तरवार्ता | १(एक) | महिलालाई प्राथमिकता र स्थानीय हुनुपर्ने |

**न्यूनत्तम योग्यता र अनुभव**

१. प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।
२. १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको ।
३. वित्तीय संस्था, सहकारी, उद्यमशीलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको ।

| क्र.स. | बिज्ञापन नं. | पद | परिक्षा किसिम | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ३ | ०४।०७७।०७८ | रिटर्नी स्वयं सेवक | अन्तरवार्ता | ३ (तीन) | |

**न्यूनत्तम योग्यता र अनुभव**

१. ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।
२. १८ बर्ष पूरा भइ ४० बर्ष ननाघेको ।
३. वैदेशिक रोजगारको लागि खाडी मुलुक र मलेसियामा गई कम्तिमा १ वर्ष वा सो भन्दा माथि काम गरेको ।

**दरखास्त दिने स्थान**: माछापुच्छ्रे गाउँपालिकाको कार्यालय,लाहाचोक,कास्की आवेदकले एक भन्दा बढी स्थानीय तहमा आवेदन दिन पाईने छैन तर एक भन्दा बढी पदमा भने आवेदन दिनपाईने छ ।

**दरखास्त दस्तुर** : परामर्शकर्ता र बित्तीय साक्षरता सहजकर्ताहरुको हकमा प्रति पद रु.७००।- (अक्षरेपी सात सय मात्र) तथा रिटर्नी स्वयं सेवकको हकमा रु ४०० -अक्षरेपी चार सय मात्र)

**दरखास्त दिने अन्तिम मिति :**सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन कार्यालय समय भित्र र सो दिन सार्बजनिक बिदा पर्न गएमा भोलिपल्ट कार्यालय खुलेको दिन ।

**लिखित तथा अन्तरवार्ता मिति :** दरखास्त बुझाउने अन्तिम मिति पश्चात सम्बन्धित स्थानीय तहहरुको सूचना पाटीमा प्रकाशित गरिनेछ ।

**पारिश्रमिक** : उल्लेखित सबै पदको पारिश्रमिक परियोजनाको नियमानुसार रहने छ ।

**द्रष्टब्य**

१. दरखास्त साथ शैक्षिक प्रमाणपत्र (लब्धांकपत्र, चारित्रिक प्रमाणपत्र), नेपाली नागरिकताको प्रमाणपत्र, अनुभवहरुको प्रमाणपत्रहरु ।
२. रितपुर्बक नठहरिएको र म्यादनाघी आएका दरखास्त उपर कुनै कारबाहीगरिने छैन ।
३. थप जानकारीका लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ । साथै गाउँपालिकाको वेवसाइट www.machhapuchhremun.gov.np मा हेर्न सकिनेछ ।
४. कार्यानुभव प्रमाणित गर्ने कागजपत्रहरु ।
५. यस सूचनामा नपरेको अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३ (संसोधन सहित) र नियमावली २०६४ (संसोधन सहति) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत